१८४६/५०

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल

**आदेश**

मु.नं. १७४/०७३/७४

निर्णय नं. ५०

जिल्ला कैलाली, दोदोधरा गा. वि. स.-५ घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न. पा.-४ निबासी पुकार बम ............................................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख/सूचना अधिकारी, काठमाडौं महानगरपालिका वडा नं. ४ को कार्यालय ........१ } विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला कैलाली, दोदोधरा गा. वि. स.-५ घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न. पा.-४ निबासी पुकार बमले काठमाडौं महानगरपालिका वडा नं. ४ को कार्यालय समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०६।१४ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तंर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई १५ (पन्ध्र) दिन भित्र उपलब्ध गराउनू भनी काठमाडौं महानगरपालिका वडा नं. ४ को कार्यालयको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. काठमाडौं महानगरपालिका वडा नं. ४ को कार्यालय मार्फत अहिलेसम्म भूकम्प प्रभावित कति घरहरु, ऐतिहासिक सम्पदा, मठमन्दिर, सरकारी भवन, विद्यालय र स्वास्थ्य केन्द्रहरुको सर्वेक्षण गरियो र कति बाँकी छ ? सोको सम्पूर्ण विवरण ।

२. काठमाडौं महानगरपालिका वडा नं. ४ को कार्यालयमा भूकम्पबाट क्षति हुन गएको निजी घरहरु, ऐतिहासिक सम्पदा, मठमन्दिर, सरकारी भवन, विद्यालय र स्वास्थ्य केन्द्रहरुको पुनर्निर्माण गर्ने समयसीमा र योजनाको विवरण ।

३. २०६८ वैशाखदेखि २०६९ वैशाखसम्म काठमाडौं महानगरपालिका वडा नं. ४ को कार्यालयमा नेपाल सरकारबाट विनियोजित रकम/बजेटको विवरण ।

४. २०६८ वैशाखदेखि २०६९ वैशाखसम्म काठमाडौं महानगरपालिका वडा नं. ४ को कार्यालय मार्फत गरिएको बिभिन्न बिकास निर्माणका साथै सम्पूर्ण कार्यक्रमहरुको विवरण ।

५. २०६८ वैशाखदेखि २०६९ वैशाखसम्म काठमाडौं महानगरपालिका वडा नं. ४ को कार्यालयले गरेको आम्दानी र खर्चको विवरण ।

६. २०६८ वैशाखदेखि २०६९ वैशाखसम्म काठमाडौं महानगरपालिका वडा नं. ४ को कार्यालयमा कतिवटा नागरिक भेलाहरु भए ? ती भेला कुन कुन मुद्दामा केन्द्रित रहे र ती हरेक भेलाको निर्णय प्रक्रिया कस्तो थियो ? निर्णयको प्रतिलिपि सहित पूर्ण विवरण ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल कार्तिक १ गते रोज २ शुभम् ।